# विफर नियन्त्रण ऐन, २०२०

प्रस्तावना : नेपालमा बालकहरुलाई विफर आउन नदिनका लागि अनिवार्य रुपले खोपाउने व्यवस्था गर्न वान्छनीय भएकोले,

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "विफर नियन्त्रण ऐन, २०२०" रहेकोछ ।

(२) यो ऐन नेपाल सरकारबाट समय समयमा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिदिएको ठाउँहरुमा तोकिएको मितिदेखि लागू हुनेछ ।)

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "बालक" भन्नाले १२ वर्ष पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "स्थानीय क्षेत्र" भन्नाले नगर पञ्चायत वा गाउँ विकास समितिको नियन्त्रणमा रहेको क्षेत्रलाई सम्झनु पर्छ ।

(ग) "प्राथमिक खोप" भन्नाले बालकको पहिलो सफल खोप सम्झनु पर्छ ।

(घ) "असुरक्षित बालक" भन्नाले विफर आइनसकेको र नखोपाएको बालक वा ३ वर्ष भित्र सफल खोप नभएको बालकलाई सम्झनु पर्छ ।

(ङ) "खोप" भन्नाले बालकलाई विफर आउन नदिनका लागि गरिएको खोप सम्झनु पर्छ ।

७. **असुरक्षित बालकलाई खोपाउने :** (१) हरेक असुरक्षित बालकको संरक्षकले बालकलाई ६ महीना नपुग्दै प्राथमिक खोप गराउनु पर्छ ।

(२) संरक्षकले बालकलाई १२ वर्ष पूरा नभएसम्म ३ वर्षभन्दा बढी फरक नपर्ने गरी बराबर खोपाउनु पर्दछ । तर विफरको रोग फैलिएकोछ भन्ने कुरा खोपाउने ठाउँको सम्बन्धित मेडिकल अधिकृतलाई लागी निजले सूचना दिएमा संरक्षकले बालकलाई सो अवधिभन्दा अगावै पनि खोपाउनु पर्छ ।

(३) असुरक्षित बालकको निवासस्थान बदली भएमा त्यस्ता बालकको संरक्षकले स्थान बदली भएको १ महिनाभित्र सम्बन्धित खोपाउने ठाउँमा नयाँ निवासस्थानको पूरा विवरण खोली सूचना दिनु पर्दछ ।

(४) खोप्ने व्यक्तिले असुरक्षित बालकको स्वास्थ्य खोप्नलाई ठीक नभएको देखेमा खोप्नलाई बालकको स्वास्थ्य ठीक नभएको भनी सो बालकको संरक्षकलाई अस्वस्थताको कारण खोली प्रमाणपत्र दिनेछ र त्यस्तो प्रमाणपत्र त्यसमा उल्लेखित समयसम्म मात्र लागू हुनेछ ।

(५) अस्वस्थताको अवधि समाप्त भएपछि यस्तो बालकको संरक्षकले खोपाउनका लागि खोपाउने ठाउँमा यस्तो बालकलाई लग्नु पर्दछ वा आफूले चाहेमा खोप्ने व्यक्तिद्वारा आफ्नै निवास्थानमा खोपाउनु पर्दछ ।

तर खोप्नलाई बालक अझै अस्वस्थ देखिएमा खोप्ने व्यक्तिले प्रमाणपत्र नवीकरण गरिदिनेछ ।

(६) सम्बन्धित मेडिकल अधिकृतलाई बालक अस्वस्थ नलागेमा यो दफा अनुसार दिएको प्रमाणपत्र मेडिकल अधिकृतले जुनसुकै बेला पनि रद्द गर्न सक्नेछ र त्यसपछि त्यस्तो प्रमाणपत्र लागू हुनेछैन र त्यसको सूचना बालकको संरक्षकलाई तुरुन्त दिनेछ ।

(७) खोप्नलाई असुरक्षित बालकको स्वास्थ्य ठीक देखिएमा खोप्ने व्यक्तिले बालकलाई खोप्न सक्नेछ र खोपेको मिति र सो बालकलाई निरीक्षणको निमित्त उपस्थित गराउन पर्ने स्थान, मिति र समय खोली बालकको संरक्षकलाई लिखित सूचना दिनेछ ।

९. **निरीक्षण :** खोपेको हरेक बालकको संरक्षकले सूचनापत्रमा उल्लेखित मिति, समय र स्थानमा बालकलाई निरीक्षणको लागि खोप्ने व्यक्तिकहाँ लैजानु पर्दछ वा आफूले चाहेमा आफ्नो निवास्थानमा पनि खोप्ने व्यक्तिद्वारा निरीक्षण गराउन सक्नेछ र यस्ता खोप्ने व्यक्तिले निरीक्षणको नतिजा खोली प्रमाणित गरिदिनेछ ।

१०. **खोप सफल हुँदाको कार्यविधि :** बालकलाई निरीक्षण गर्दा प्राथमिक खोप भएको देखिएमा खोप्ने व्यक्तिले संरक्षकलाई त्यसको प्रमाणपत्र दिनेछ र यस्तो बालक प्राथमिक खोप भएको मितिदेखि ३ वर्षसम्म सुरक्षित भएको मानिनेछ ।

११. **खोप असफल हुँदाको कार्यविधि :** खोप असफल भएको देखी र खोप्ने व्यक्तिले खोप्न उचित ठानेमा बालकको संरक्षकले फेरि तुरुन्त खोपाउन लाउनेछ ।

तर लगातार तीन पटकसम्म गरेको खोप असफल भएमा त्यसपछि फेरि सो बालकलाई खोपाउन पर्नेछैन ।

१५. खोपाईको सुपुरिटेण्डेण्टको कर्तव्य : यस ऐनले तोकिदिएको कर्तव्यको अतिरिक्त खोपको सुपरिटेण्डेण्टले स्थानीय क्षेत्रका सबै असुरक्षित बालकलाई सफल पूर्वक खोपाउन लगाउनेछ र कुनै असुरक्षित बालकको संरक्षकले यो ऐन बमोजिम गर्नु पर्ने कर्तव्य पालन नगरेको शंका लागेमा बालकलाई खोपाउन वा निश्चित समय र स्थानमा निरीक्षणको लागि उपस्थित गराउन संरक्षकलाई उपस्थित हुने समय र स्थान खोली पूर्जी काट्न वा काट्न लगाउनेछ ।

१८. कारवाई र किनारा गर्ने अधिकार : कसैले यो ऐन वा यस ऐन अन्तर्गतको आदेश बर्खिलाप काम कारवाई गरेमा त्यस्को किनारा गर्ने अधिकार स्थानीय अधिकारीलाई हुनेछ ।